घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

## शिलबन्दी कोटेशन फाराम

श्री घोराही उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ

**विषयः पर्यटकीय सम्पदा पुस्तक अद्यावधिक एवं प्रकाशन कार्यको एकमुष्ट कोटेशन पेस गरिएको सम्बन्धमा ।**

त्यस कार्यालयबाट मिति २०८३/०५/२६ मा प्रकाशित सार्वजनिक सूचना तथा स्वीकृत कार्यविवरण (Terms of Reference - TOR) बमोजिमको "पर्यटकीय सम्पदा पुस्तक अद्यावधिक एवं प्रकाशन कार्य" (जनशक्ति व्यवस्थापन, सूचना सङ्कलन, फोटोग्राफी, यातायात, बैठक व्यवस्थापन, पुस्तकको लेआउट तथा डिजाइन, भाषा सम्पादन, प्रुफ रिडिङ र ५०० प्रति पुस्तक छपाई समेतको कार्य) स्वीकृत लागत अनुमानको परिधिभित्र रही सम्पन्न गर्नका लागि हाम्रो फर्म/संस्थाको तर्फबाट देहाय बमोजिमको एकमुष्ट कबोल अङ्क सहितको कोटेशन पेस गरेका छौं ।

१. फर्म/संस्थाको कानुनी विवरण र संलग्न कागजातहरू:
(कृपया विवरण भरी बक्समा टिक [✓] लगाउनुहोस्)

- फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि [ ] छ [ ] छैन ।
- स्थायी लेखा नम्बर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि [ ] छ [ ] छैन ।
- म्याद बहाल रहेको पछिल्लो आर्थिक वर्ष (आ.व. २०८१/०८२) को वा आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि [ ] छ [ ] छैन ।
- कालो सूचीमा नपरेको स्वघोषणा पत्र [ ] छ [ ] छैन ।
- शैक्षिक योग्यताको प्रमाणपत्र [ ] छ [ ] छैन ।
- वैयक्तिक विवरण (CV) तथा अनुभवका प्रमाणपत्र [ ] छ [ ] छैन ।

बाल कृष्ण खनाल
शाखा प्रमुख
वरिष्ठ प्रशासकीय अधिकृत

घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

२. एकमुष्ट वित्तीय प्रस्ताव:

| क्र.सं. | सम्पादन गर्नुपर्ने मुख्य कार्य | एकमुष्ट कबोल कुल रकम रु. (कर सहित) |
|---|---|---|
| १ | स्वीकृत कार्यविवरण (TOR) बमोजिम "पर्यटकीय सम्पदा पुस्तक अद्यावधिक एवं प्रकाशन" सम्बन्धी सम्पूर्ण कार्यहरू (अनुसन्धान, सूचना सङ्कलन, फोटोग्राफी, बैठक, डिजाइन, सम्पादन र ५०० प्रति पुस्तक छपाई समेत) एकमुष्ट रूपमा सम्पन्न गर्ने कार्य । | |

कुल कबोल रकम अक्षरुपी : रु ........................................................................ मात्र ।

*(नोट: कबोल गरिएको कुल रकममा नियमानुसार लाग्ने सम्पूर्ण कर/भ्याट जस्ता खर्चहरू समावेश भएको हुनुपर्नेछ ।)*

३. कालो सूची सम्बन्धी स्वघोषणा :

हामी/म यसै फाराम मार्फत स्वघोषणा गर्दछौं कि यस कार्यका लागि आवेदन दिन हाम्रो फर्म/संस्था कानुनी रूपमा योग्य छ । हाम्रो कुनै पनि स्वार्थ बाझिएको छैन । हामी कालो सूची (Blacklist) मा नपरेको र यस कार्यक्रममा भाग लिन अयोग्य नरहेको स्वघोषणा गर्दछौं । पेस गरिएका विवरणहरू झुटा ठहरिएमा कानुन बमोजिमको कारबाही भोग्न तयार छौं ।

फर्म/संस्थाको नाम : ..................................................

सञ्चालकको नाम/पद : ..................................................

ठेगाना : ..................................................

मिति : ..................................................

सम्पर्क फोन र इमेल : ..................................................

..................................................
फर्म/संस्थाको आधिकारिक छाप

बाल कृष्ण खनाल
शाखा प्रमुख
वरिष्ठ प्रशासकीय अधिकृत

घोराही उप–महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन–फ्याक्स :
०८२–५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२–५६०४५५
www.ghorahimun.gov.np

## कार्यक्रमको शर्त एवं कार्यविवरण (Terms of Reference - TOR)

### १. पृष्ठभूमि

घोराही उपमहानगरपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यापर्यटकीय दृष्टिकोणले एक समृद्ध पर्यटकीय गन्तव्य हो । यस क्षेत्रमा रहेका विभिन्न जातजातिको कला, भाषा, संस्कृति, परम्परागत ज्ञान, सीप, प्रविधि तथा पुरातात्विक सम्पदाहरूको अभिलेखीकरण गरी पर्यटन प्रवर्द्धन गर्नु अति आवश्यक देखिएको छ । यस अघि प्रकाशित पर्यटकीय पुस्तकमा छुटेका नयाँ तथ्यहरू समावेश गरी, पुरानो विवरण परिमार्जन र अध्यावधिक गरी नयाँ पुस्तक प्रकाशन गर्नको लागि **शिलबन्दी कोटेशन** मार्फत यो कार्य अघि बढाउने जमर्को गरिएको हो ।

### २. उद्देश्यहरू

- घोराही उपमहानगरपालिका भित्रका कला, भाषा, संस्कृति र परम्परागत ज्ञान/सीप/प्रविधिको स्थलगत अध्ययन र संकलन गर्ने ।
- पुरातात्विक एवं ऐतिहासिक महत्त्वका सम्पदाहरूको वर्तमान अवस्था अध्यावधिक गर्ने ।
- संकलित सूचनाहरूलाई सम्पादन गरी पर्यटकीय पुस्तक तयार गरी प्रकाशन गर्ने ।

### ३. कार्यक्षेत्र

छनोट भएको फर्म/संस्थाले घोराही उपमहानगरपालिकाको पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखासँगको समन्वयमा निम्नलिखित कार्यहरू गर्नुपर्नेछः

- **स्थलगत अध्ययन तथा सूचना संकलन** : पुराना पुस्तक, दस्तावेज र आवश्यकता अनुसार स्थलगत अध्ययन गरी थप सूचना र गुणस्तरीय तस्बिरहरू संकलन गर्ने ।
- **मस्यौदा लेखन तथा सम्पादनः** संकलित सामग्रीलाई नेपाली भाषामा सरल, शुद्ध र आकर्षक शैलीमा लेखन तथा परिमार्जन गर्ने ।
- **पुस्तकको डिजाइनः** पुस्तकलाई पर्यटकीय दृष्टिले आकर्षक बनाउन यसको आवश्यकता अनुसार नक्साङ्कन, रङ्गीन र कलात्मक डिजाइन गर्ने ।
- पुस्तक छपाइः स्वीकृत अन्तिम मस्यौदा बमोजिम तोकिएको सङ्ख्यामा पुस्तक छपाइ गरी बुझाउने ।

### ४. प्रस्तावकको योग्यता र आवश्यक कागजातहरू

प्रस्ताव पेस गर्दा इच्छुक प्रस्तावकले अनिवार्य रूपमा निम्नलिखित कागजातहरू संलग्न गर्नुपर्नेछः

- **संस्था/फर्मको हकमाः** संस्था वा फर्म दर्ता प्रमाणपत्र, नवीकरण, मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र र नियमानुसार म्याद बहाल रहेको पछिल्लो आर्थिक वर्ष (आ.व. २०८१/०८२) को वा आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र । फर्मबाट भ्याट बिल जारी हुन नसकेमा नियमानुसार १५% कर कट्टी गरिनेछ ।
- **जनशक्तिको विवरणः** व्यक्तिगत विवरण(CV), शैक्षिक योग्यताको प्रमाणपत्र र नागरिकताको प्रतिलिपि ।
- **कार्य अनुभवः** पुस्तक लेखन, अनुसन्धान वा इतिहास/संस्कृति सम्बन्धी कार्यमा कम्तीमा ३ वर्षको अनुभव भएको (अनुभव पत्र वा प्रकाशित सामग्रीको (न्यूनतम २ वटा) विवरण संलग्न गर्नुपर्ने) ।

बाल कृष्ण खनाल
शाखा प्रमुख
वरिष्ठ प्रशासकीय अधिकृत

घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२, ५६०२४३, ५६१२६८, ५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

५. प्रस्ताव पेस गर्ने र छनोट गर्ने विधि

- प्रस्तावको ढाँचा: प्रस्तावकले कार्यालयले उपलब्ध गराएको कोटेशन फाराम भरी शिलवन्दी खामभित्र उक्त फाराम सहितको प्रस्ताब स्पष्ट खुल्ने गरी पेस गर्नुपर्नेछ ।
- बजेट सीमा: कुल अंक विनियोजित बजेट रु. ४,००,०००/- (चार लाख) भन्दा बढी हुन पाउने छैन ।
- छनोटको आधार: प्राप्त प्रस्तावहरू मध्ये स्वीकृत कार्यविवरण (TOR) बमोजिम प्राविधिक रुपमा योग्य र न्यूनतम रकम कबोल गर्ने फर्म/संस्थाको प्रस्ताव छनोट गरी कार्य सम्झौता गरिनेछ ।

६. पुस्तकको स्पेसिफिकेसन

- पेज : ८०-१२० पृष्ठसम्म (भित्री पानाहरू) ।
- साइज: ९.५ x ७ इन्च ।
- रंग: कभर र भित्री पानाहरू पूर्ण बहुरङ्गीन ।
- कागजको गुणस्तर:
  कभर पेज: न्यूनतम ३०० GSM को चिल्लो, बाक्लो प्रिमियम आर्ट कार्ड ।

७. समयावधि र कार्यतालिका

सम्झौता भएको मितिले कुल कार्य अवधि १२० दिन (४ महिना) को हुनेछ:

- सम्झौता भएको ३० दिनभित्र: प्रारम्भिक कार्ययोजना पेस गर्ने ।
- सम्झौता भएको ६० दिनभित्र: प्रारम्भिक प्रतिवेदन पेस गर्ने ।
- सम्झौता भएको ९० दिनभित्र: मस्यौदा पुस्तक पेस गर्ने। मस्यौदा पुस्तक तयार भैसकेपछि एकपटक नगरस्तरीय पर्यटन तथा संस्कृति प्रवर्द्धन समितिको बैठक राखी आवश्यक परामर्श लिने ।
- सम्झौता भएको १२० दिनभित्र: आवश्यक सुझाव समावेश गरी अन्तिम स्वीकृत पुस्तक छपाइ गरी बुझाउने ।

८. भुक्तानीको सर्त

- अग्रीम पेश्की उपलब्ध नहुने ।
- स्वीकृत ढाँचामा पुस्तक छपाइ गरी उपमहानगरपालिकामा बुझाएपछि मात्र संस्थाले संझौता अनुसारको रकम प्राप्त गर्ने ।

बाल कृष्ण खनाल
शाखा प्रमुख
वरिष्ठ प्रशासकीय अधिकृत